# चौविसे गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
राजारानी, धनकुटा


प.सं. २०८२/०८३

च.नं.

मिति : २०८३।०३।१५

## चौवसे गाउँपालिका, राजारानी, धनकुटामा कार्यान्वयनमा रहेका असल अभ्यासहरु

| क्र.स. | असल अभ्यासको विवरण | उपलब्धी |
|---|---|---|
| १ | भौगोलिक रुपमा दुर्गम रहेका वडाहरु १,२,४,५ र ८ को १/१ वटा सम्पर्क कार्यालय स्थापना गरी हप्तामा २ दिन सम्पर्क कार्यालयबाट सेवा प्रवाह भईरहेको | सेवाग्राहीलाई नजिकको स्थानबाट सेवाप्राप्त गर्न सहज भएको |
| २ | गाउँपालिकाको कार्यालयमा नागरिक सहायताकक्ष (Help Desk) स्थापना गरी सेवाग्राहीलाई निवेदन लेखिदिने, फारम भरिदिने, फोटोकपी, टाइपिङ, प्रिन्टिङ, ईमेल, ईन्टरनेट लगायत सेवा निःशुल्क रुपमा उपलब्ध गराइरहेको | **सेवाग्राहीहरु निवेदन लेख्नुपर्ने फारम भर्नुपर्ने फोटोकपी गर्नुपर्ने लगायतको झन्झटबाट मुक्त हुनुभएको**, सेवा प्रवाहमा सहजता महसुस गर्नुभएको |
| ३ | कृषि र पशु प्रावधिक कर्मचारीहरुलाई वडा गत रुपमा जिम्मेवारी तोकी फिल्डमा खटाईएको | कृषि तथा पशुपालन व्यावसायमा आवद्ध किसानहरुलाई प्राविधिक सेवा प्राप्त गर्न सहज भएको |
| ४ | शारीरिक रुपमा अशक्त तथा हिडडुल गर्न नसक्ने जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुलाई घरमै गएर जेष्ठ नागरिक तथा अपाङ्गता परिचयपत्र वितरण गरिरहेको तथा स्वास्थ्य उपचार सेवा प्रदान गरिरहेको | अशक्त तथा अपाङ्गता भएका व्यक्तिले सहजता अनुभुती भएको |
| ५ | सेवा प्रवाह, अनुदान वितरण, छात्रवृति, खरिद लगायतको विभिन्न जानकारीमुलक सूचना वेभसाइट तथा सामाजिक सञ्जाल मार्फत सार्वजनिक गरिरहेको | सन्तोषजनक रुपमा सूचना प्रवाह भईरहेको |
| ६ | कक्षा ५ र कक्षा ८ को बार्षिक परीक्षा पालिकास्तरीय भईरहेको | मर्यादित र व्यवस्थित रुपमा परीक्षा संचालन भई वस्तुनिष्ठ नतिजा प्रकाशन भई शैक्षिक गुणस्तरको विषयमा योजना वनाउन सहज भएको |
| ७ | रु दश लाखभन्दा माथीका सबै किसिमको योजना ईबिडिङ मार्फत कार्यान्वयन अगाडी बढाइएको | उपभोक्ता समितिलाई निरुत्साहित गरिएको भएता पनि स सना ठेक्काहरुको काम सम्झौता भएको लामो समयसम्म निर्माण सम्पन्न हुन नसकी विकास निर्माण कार्यले साविक जस्तो गति लिन नसकेकोले **जनश्रमदान जुट्ने खालको विकास योजनाहरु उपभोक्ता समितिबाट नै निर्माण कार्य गराउदा जनसहभागिता सहित छिटो र प्रभावकारी ढंगले बजेट कार्यान्वयन हुन सक्थ्यो** भन्ने गुनासो आइरहेको |
| ८ | आमालाई खाना र शिशुलाई नाना कार्यक्रम संचालनमा रहेको | गाउँपालिका र सुत्केरी आमा बच्चबीचको स्वस्थ्य सम्बन्ध कायम भएको |


Email: chaubisegapa@gmail.com

फोन नं. ०२६-४११०३२/४११०३३, मोवाइल नं. ९८५२०६२४०२, फयाक्स नं. ०२६-४११०३२


'मनोरम प्रकृति, पर्यटकीय स्थल चौविसेको सान - सुशासन सहितको दिगो विकास, हाम्रो साझा अभियान'

प्रमुख प्रशासकीय अधिकृत

टंक माया पाङ्मी

उपाध्यक्ष

राज कुमार लिम्बू

अध्यक्ष

# चौविसे गाउँपालिका
## गाउँ कार्यपालिका‍को कार्यालय
राजारानी, धनकुटा

प.सं. २०८२/०८३

च.नं.

| | | |
|---|---|---|
| ९ | गाउँपालिका र अन्तर्गतको निकायमा ई हाजिरी जडान तथा प्रयोग | सबै कर्मचारीहरुको वैज्ञानिक र यथार्थ हाजिरी विवरण हेर्न सहज भएको |
| १० | सबै शाखा तथा अन्तर्गतका निकायको नियमित अनुगमन निरीक्षण | सबै शाखा अन्तर्गतका निकायमा कार्यरत कर्मचारी तथा सेवा प्रवाहको अवस्था बारे जानकारी प्राप्त हुने तथा सोही अनुसार भावी योजना तय गर्न भएको |
| ११ | सेवा प्राप्त गरी सकेपछि फर्किनेवेलामा सेवाप्रवाह र प्रक्रियाको विषयमा सेवाग्राहीसंग प्रतिक्रिया लिने गरिएको (सेवाग्राही सन्तुष्टी सर्वेक्षण) | सेवाग्राहीको प्रतिक्रियाले सेवा प्रवाहको अवस्था र गर्नुपर्ने सुधारका विषयमा भावी योजना तय गर्न सहज भएको |
| १२ | लक्षित वर्गलाई छुट सहितको एम्बुलेन्स सेवा | लक्षित वर्ग लाभान्वित हुनुभएको |
| १३ | १२ वटै स्वास्थ्य संस्थामा सुलभ फार्मेसी सञ्चालन | निःशुल्क औषधी वाहेक अन्य औषधी उपलब्ध हुने गरेको |
| १४ | विद्यालय समायोजन तथा शिक्षक व्यवस्थापन | • २० जना भन्दा कम विद्यार्थी संख्या भएका विद्यालयहरु नजिकको विद्यालयमा समायोजन गरीएको<br>• कम विद्यार्थी भएका विद्यालयको कक्षा कटौती गरिएको<br>• विद्यार्थी भएको तर शिक्षक कम भएको विद्यालयमा शिक्षक व्यवस्थापन गरीएको<br>• एकै विद्यालयमा एकै तहका एकै विषयका दुई जना शिक्षक कार्यरत रहेकोमा सो शिक्षकलाई शिक्षक अभाव रहेको विद्यालयमा व्यवस्थापन गरिएको |
| १५ | ठुला विकास योजनामा अनिवार्य ल्याव परीक्षण | • गाउँपालिकाको गौरवको योजना तथा ठुला विकास योजनामा प्रयोग हुने निर्माण सामाग्रीहरुको नमुना निर्माण व्यावसायी जनप्रतिनिधि कर्मचारीको रोहबरमा संकलन गरी लाहाछाप लगाइ परीक्षणकालागि ल्यावमा पठाउने गरीएको<br>• ठुला विकास योजनामा फोकल पर्सन नै तोकेर फिल्डमा प्राविधिक खटाउने गरिएको |

| | | |
|---|---|---|
| बाबुनन्दन मेहता | टंकमाया पाङमी मगर | राजकुमार लिम्बु |
| प्रमुख प्रशासकीय अधिकृत | उपाध्यक्ष | अध्यक्ष |
| प्रमुख प्रशासकीय अधिकृत | टंक माया पाङमी<br>उपाध्यक्ष | राज कुमार लिम्बू<br>अध्यक्ष |

Email: chaubisegapa@gmail.com
फोन नं. ०२६-४११०३२, ४११०३३, मोवाइल नं. ९८५२०६२४०२, फ्याक्स नं. ०२६-४११०३२
'मनोरम प्रकृति, पर्यटकीय स्थल चौविसेको सान - सुशासन सहितको दिगो विकास, हाम्रो साझा अभियान'